# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन २५३०
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ५/२०८२-८३

मितिः २०८२/०६/२४

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।

**विषय : एकीकृत परिपत्र-२०८१ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८१ लाई देहायबमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

| एकीकृत इ.प्रा. परिपत्र | दफा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ३/२०८१ | ४(क) | आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई २० (बीस) किलोग्राम कायम गरिएको छ । | आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई **२५ (पच्चीस) किलोग्राम** कायम गरिएको छ । |
| २४/२०८१ | ७ | नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता (Repatriation) नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी मार्फत् सम्बन्धित वेनेफिसियरीको खातामा जम्मा गर्ने गरी दैनिक रु.२० लाखसम्म (एकपटक वा पटक पटक) को विप्रेषण रकम ल्याउन सकिने छ । यसरी इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले रकम संकलन र भुक्तानी गर्दा प्रचलित व्यवस्थाबमोजिम ग्राहक पहिचानका कागजातहरू लिएको हुनु पर्नेछ । | नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिशन, शुल्क, पारिश्रमिक लगायत विभिन्न प्रयोजनका लागि फिर्ता (Repatriation) नहुने गरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनी मार्फत् सम्बन्धित वेनेफिसियरीको खातामा जम्मा गर्ने गरी दैनिक **रु.२५ लाखसम्म** (एकपटक वा पटक पटक) को विप्रेषण रकम ल्याउन सकिने छ । यसरी इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीहरूले रकम संकलन र भुक्तानी गर्दा प्रचलित व्यवस्थाबमोजिम ग्राहक पहिचानका कागजातहरू लिएको हुनु पर्नेछ । |
| २४/२०८१ | १७ | यस परिपत्रबमोजिम भित्रिएको विप्रेषणको विवरण अनुसूची २४.४ को ढाँचामा मासिक रुपमा विभाग, सम्बन्धित सुपरिवेक्षण विभाग र आर्थिक अनुसन्धान विभागमा पेश गर्नु पर्नेछ । | यस परिपत्रबमोजिम भित्रिएको विप्रेषणको विवरण अनुसूची २४.४ को ढाँचामा मासिक रुपमा **प्रत्येक महिना समाप्त भएको सात दिनभित्र** विभाग, सम्बन्धित सुपरिवेक्षण विभाग र आर्थिक अनुसन्धान विभागमा पेश गर्नु पर्नेछ । |

भवदीय,

(रेवतीप्रसाद नेपाल)
कार्यकारी निर्देशक

बोधार्थ:
१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन २५३०
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


४) नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व अनुसन्धान विभाग ।
६) नेपाल सरकार, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग ।
७) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
८) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा ।
९) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
१०) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१६) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१७) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१८) श्री नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई ।
१९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
२०) श्री नेपाल उद्योग परिसंघ ।
२१) श्री नेपाल चेम्बर अफ कमर्स ।
२२) श्री नेपाल बैंकर्स संघ ।
२३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
२४) श्री वित्तीय संस्था संघ ।